**निर्णयहरु**

१. गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०७९ को दफा ९ को उपदफा (१) बमोजिम तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४०५ मिति २०७९।०६।२५ को बुदा नं. ८ बमोजिम स्थानीय सेवाको सातौं तहको न्यूनतम योग्यता पुगेका गाउँकार्यपालिकाको कार्यालयका इन्जिनियरि सेवा, सिभिल समूह, अन्तर्गत अधिकृतस्तर छैठौं तहमा इन्जिनियर पदमा कार्यरत ई. श्री अनिल कमल न्यौपानेलाई सोही सेवा, समुह, पदमा दरबन्दी मिलान सहित अधिकृत स्तर सातौं तह कायम गर्ने। साथै ऐ. अध्यादेशको दफा ९ को उपदफा (४) बमोजिम न्यूनतम सेवा अवधि र कार्यसम्पादन मुल्याङ्नको आधारमा तपसिल बमोजिम गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीकोलाई तह बृद्धि सम्वन्धमा कार्यालयबाट गरिएको निर्णय समर्थन गर्ने ।

**तपसिल**

| क्र.स. | नाम | हाल कार्यरत तहको विवरण | तह बृद्धि भएको पदको विवरण |
|---|---|---|---|
| १. | श्री प्रेम प्रसाद भुसाल<br>श्री रिता कुमारी रिजाल<br>श्री राजेन्द्र तिवारी<br>श्री टुकाकुमारी शर्मा | सेवाः इन्जिनियरिङ्<br>समुहः सिभिल<br>उपसमुह<br>पदः असिस्टेन्ट स. इन्जिनियर<br>तहः सहायक चौथो | सेवाः इन्जिनियरिङ्<br>समुहः सिभिल<br>उपसमुह<br>पदः सव- इन्जिनियर<br>तहः सहायक पाँचौ |

२. सम्वत् २०७९ सालको बाढी पहिरो, मनसुन जन्य विपद् तथा प्राकृतिक विपद्बाट क्षति भएका तथा जोखिममा परेका ब्यक्ति /संस्थालाई विपद् राहत तथा जोखिम न्यूनिकरणका लागि राहत/ब्यवस्थापन सम्वन्धमा स्थानीय/गाउँ विपद् ब्यवस्थापन समितिका संयोजक एवम् गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वातावरण तथा विपद् ब्यवस्थापन समितिका संयोजक, विपद् फोकल पर्शन र प्राविधिक कर्मचारी समेतको संयुक्त टोलीले राहत/जोखिम न्यूनिकरणकोलागि मापदण्ड निर्धारण/बर्गीकरण गरी कार्यपालिकामा पेश गर्ने ।

३. सम्बन्धित वडाको सिफारिस समेतका आधारमा भू-उपयोग ऐन २०७६ को दफा (४) बमोजिम यस गाउँपालिका क्षेत्रभित्रका जग्गाहरुलाई कृषि र गैरकृषि क्षेत्र अन्तर्गत देहायबमोजिम बर्गिकरण गर्ने निर्णय गरियो ।

**तपसिल**

१. **गैर कृषि क्षेत्र अन्तर्गत**

पैयूं गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

१. हाल कायम सबै किसिमको वन पैदावार(निजि जग्गामा भएको बाहेक)लाई वन क्षेत्रमा बर्गिकरण गर्ने
२. पैयुं गाउँपालिका भित्र रहेका गोरेटो बाटोहरुको दाया बाया ३०/३० मिटरको क्षेत्र
३. हाल उपयोगमा रहेको मठ,मन्दिर,मस्जित,गुम्बा,चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको क्षेत्रलाई सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा बर्गिकरण गर्ने ।
४. सरकारी सार्बजनिक तथा सामुदायीक प्रयोजनको लागि प्रयोग हुने जग्गाको (सेवा प्रदान गर्ने सरकारी कार्यालय सहितको) क्षेत्र ।
५. वडा न. ६ सरौखोलामा रहेको औधोगिक ग्रामको जग्गालाई औधोगिक क्षेत्रमा बर्गिकरण गर्ने ।
६. हाल उपयोगमा रहेको नदिनाला,ताल,तलैया,पोखरी (व्यक्तिको निजि पोखरी बाहेक) लगायतका पानीजन्य उपयोग क्षेत्रलाई नदि,खोला,ताल,सिमसार क्षेत्रमा बर्गिकरण गर्ने ।
७. स्याटेलाइट इमेजमा हाल सम्म देखिएका भवन संरचनाहरुको क्षेत्र ।
८. हाल चलन चल्तीमा भईरहेको पसल,बैंक तथा बित्तिय संस्था,होटल,रेस्टुरा,हाटबजार लाग्ने स्थल,चमेना गृह,खाजा/फास्टफुड घर,ब्यवसायीक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र सेवा प्रदान गर्ने सरकारी तथा निजि जग्गा निजि क्षेत्र बाट संचालित अस्पताल बिद्यालय,क्याम्पसहरुको क्षेत्र ।
९. वडा न १ देखि ७ सम्मका निम्न बुदाहरुलाई गैर कृषि क्षेत्रमा बर्गिकरण गर्ने ।

<u>वडा न. १ अन्तर्गतका क्षेत्रहरु</u>

क) मुख्य सडक अर्थुन टकलाक सिंगारकोष रातोपुल सम्मको सडकको दाया बाया ३०/३० मिटर क्षेत्र ।
ख) अर्थुन वाहाबी चौर वायखर्क रातोछहरा सम्मको सडक दाया बाया ३०/३० मिटर सम्मको क्षेत्र ।
ग) अन्य भित्रि सडकको दाया बाया ३०/३० मिटर सम्मको क्षेत्र ।

<u>वडा न. २ अन्तर्गतका क्षेत्रहरु</u>

क) पक्की सडकको दाया बाया ५०/५० मिटर सम्मको क्षेत्र ।
ख) कच्ची सडक त्रिबेणी बजार क्षेत्र देखि मुख्य सडक जोडने जिरो सम्म दाया बाया ४०/४० मिटर क्षेत्र ।
ग) ठुलीबेसी देखि त्रिबेणी स्वास्थ्य चौकी सम्म जाने कच्ची सडकको दाया बाया ३०/३० मिटरको क्षेत्र ।
घ) अर्थुन बजार देखि चिन्नेखर्क जाने कच्ची सडकको अर्थुन बजार देखि २५० मिटर भित्र दाया बाया ३०/३० मिटरको क्षेत्र ।

पैयूं गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

ङ) मर्दीखोला कुसुण्डे देखि अधिकारी डाडा जाने कच्ची सडकको मर्दुखोला कुसुण्डे बाट ३०० मिटर भित्र दाया बाया ३०/३० मिटरको क्षेत्र ।

च) ढाड देखि आम्बोत डाडा सम्म जाने सडकको दाया बाया ३०/३० मिटरको क्षेत्र ।

**<u>वडा न. ३ अन्तर्गतका क्षेत्रहरु</u>**

क) पक्कि सडकको दाया बाया ५०/५० मिटर सम्मको क्षेत्र ।

ख) कच्ची सडकको दाया बाया ३०/३० मिटर सम्मको क्षेत्र ।

**<u>वडा न. ४ अन्तर्गतका क्षेत्रहरु</u>**

क) हुवास वालिंग सडक मार्ग हातेमालो चोक देखि भोटेगैरा सम्म दाया बाया १००/१०० मिटरको क्षेत्र ।

ख) हुवास लुंखु सडक मार्गको दाया बाया १००/१०० मिटरको क्षेत्र ।

ग) छेडुवा,गल्चिना,डुड हुदै भकुन्डे सम्म जाने कुलो बाट माथि ३० मिटरको क्षेत्र  र तल सेतीखोला सम्मको क्षेत्र ।

घ) बाकि रहेका कच्ची सडकको दाया बाया ३०/३० मिटरको क्षेत्र ।

**<u>वडा न. ५ अन्तर्गतका क्षेत्रहरु</u>**

क) पक्कि सडकको दाया बाया ५०/५० मिटर सम्मको क्षेत्र ।

ख) कच्ची सडकको दाया बाया ३०/३० मिटर सम्मको क्षेत्र ।

**<u>वडा न. ६ अन्तर्गतका क्षेत्रहरु</u>**

क) हुवास लुंखु सडकमार्गको दाया बाया ५०/५० मिटरको सम्मको क्षेत्र ।

ख) सरौ साधने सित्ले सडकको दाया बाया ३०/३० मिटरको सम्मको क्षेत्र ।

ग) सरौ मुसुरवारी हाडीखर्क सडकको दाया बाया ३०/३० मिटरको सम्मको क्षेत्र ।

घ) वरको रुख काहू नाच्नेडाडा डाडाकाहू सडकको दाया बाया ३०/३० मिटरको सम्मको क्षेत्र ।

ङ) हुवास दर्वु नाच्नेडाडा सडक खण्डको दाया बाया ३०/३० मिटरको सम्मको क्षेत्र ।

च) जैबिरे मेदीखोला सडकको दाया बाया ५०/५० मिटरको सम्मको क्षेत्र ।

छ) काहू सुधारे हिले सडकको दाया बाया ३०/३० मिटरको सम्मको क्षेत्र ।

**<u>वडा न. ७ अन्तर्गतका क्षेत्रहरु</u>**

क) लुङ्खु -हुवास खण्ड मारुती गैरा देखि सेरासम्मको दाया बाया ५०/५० मिटर सम्मको क्षेत्र ।

ख) वडा न ७ भोर्लेमा रहेको अन्य सडकको दाया बाया ३०/३० मिटर सम्मको क्षेत्र ।

२. <u>कृषि क्षेत्र अन्तर्गत</u>

क) गैरकृषि क्षेत्र बाहेकका क्षेत्र ।

ख) निजि जग्गामा भएको वन क्षेत्र ।

पैयूं गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

३. कुनै कित्ता दुई वा दुई भन्दा बढी क्षेत्रमा परेको खण्डमा निम्न प्राथमिकता क्रम बमोजिम एक क्षेत्रमा बर्गिकरण गर्ने;

क) व्यावसायिक क्षेत्र

ख) आवासीय क्षेत्र

ग)कृषि क्षेत्र

घ)सार्वजनिक उपयोगको क्षेत्र

यो निर्णयमा छुट भएका बुदाहरुको भू-उपयोग नियमावली २०७९ को अनुसूची १ मा भए बमोजिम बर्गिकरण हुने ।

४. "हुवास बजार क्षेत्र ढल ब्यवस्थापन" योजना कार्यान्वयनको लागि स्थान/क्षेत्र निर्धारण तथा प्राविधिक लगत तयार गर्न ४ नं. वडाका वडा अध्यक्ष श्री टुकलाल न्यौपानेज्यूले समन्वय गर्ने ।

५. पैंयूँ गाउँपालिका साविक वडा नं ३ हाल वडा नं. ७ भोर्लेमा स्वास्थ्य चौकी र इकाङ्गमा बर्थिङ्ग सेन्टर निर्माणको लागि स्थान छनौट गर्ने । साथै स्वास्थ्य चौकीको भवन निर्माणको लागि आवश्यक रकम विनियोजन गरिदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने ।

६. हाल ग्रामिण सामुदायिक विद्युतीकरण पैंयूँद्वारा सञ्चालन तथा ब्यवस्थापन भएको यस क्षेत्रको बिद्युत आपूर्ती सञ्चालन तथा ब्यवस्थापनलाई नेपाल विद्युत प्राधिकरणमा हस्तान्तरण गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाउने ।

७. पैंयूँ गाउँपालिका क्षेत्र भित्र जंगली जनावरले कृर्षकको बालिनाली क्षति गरी कृर्षि उत्पादन र उत्पादकत्वमा समेत असर परेकोले वार्षिक स्वीकृत कार्यक्रम "बादर नियन्त्रण" खर्च शीर्षकबाट ब्यहोर्ने गरी रुख कटानका लागि ७ (सात) मेसीन खरिद गर्ने र प्रत्येक वडा बाट (१५) पन्ध्र दिनको लागि २/२ जना कामदारहरु छनौट गरी रुख काट्ने कार्यमा खटाउने र रुख कटान सम्वन्धी मापदण्ड सम्वन्धित वडाले आवश्यकता र औचित्यको आधारमा निर्धारण गर्ने ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गरत आर्थिक वर्ष २०७९/८० का लागि वडाहरु बाट छनौट भएका तपसिल बमोजिम योजनाहरु स्वीकृत गर्ने।

<u>तपसिल</u>

| क.सं | वडा | योजनाहरु | कैफियत |
|---|---|---|---|
| १ | वडा नं.१ | १) माझखण्ड देखी शिवालय कुटी गोरेटो बाटो<br>२) नेटा बस्ती देखी पुल सम्म जाने गोरेटो बाटो<br>३) गाहा चौतारी सिंगारकोष गोरेटो बाटो<br>४) फलेवास देखी कुवा गैह्रा गोरेटो बाटो<br>५) छड्केकबाटा देखी माथि मोटरबाटा सम्म<br>६) कार्तिके देखी बाधँ पधेरा सम्म गोरेटो बाटो<br>७) सिंगारकोष देउराली देखी वायखर्क गोरेटो बाटो<br>८) वडा कार्यालय निर ग्याविन जाली भर्ने | |

पैंयूँ गाउँपालिका कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | ९) सडक दायाँ बायाँको झाडी फाँडने<br>१०) सडक छेउमा वृक्षारोपण गर्ने<br>११) सडकमा खसेको पहिरो तथा नाली सरसफाई | |
| २ | वडा नं.२ | १) चिसापानी,फुलबारी राङगैरा नेकर्गा जाने पैदल मार्ग मर्मत<br>२) मर्दिखोला कलमट देखी अधिकारी डाँडा जाने पैदल मार्ग ममर्त<br>३) आम्बोट पूण्य आर्चायको घर देखी सूर्यको घर सम्म जाने गोरेटो बाटो मर्मत<br>४) स्वास्थ्य चौकीको पहिरो सरसफाई गर्ने<br>५) कुभिन्डे देखी पोखरी सम्मको गोरेटो बाटो सरसफाई गर्ने<br>६) माके खोला देखी ज्यामिरे सम्मको गोरेटो बाटो सरसफाई<br>७) चिन्नेखर्क टुनी पधेरा देखी प्रकाशको घर सम्मको गोरेटो बाटो सरसफाई<br>८) टीकेन्द्र रानाको घर देखी खर्केलीको घर हुदै माफ्ग गाँउ सम्मको गोरेटो बाटो मर्मत<br>९) चिन्नेखर्क मुख्य सडक देखी थापा कर्णेको घर हुदै देउ बहादुरको घर सम्म गोरेटो मर्मत<br>१०) कुभिन्डे थुमकेली माईलाको घर देखी मापी चौपारी सम्मको गोरेटो बाटो मर्मत<br>११) बौदीखोला देखी भर्मा भञ्ज्याङ सम्म गोरेटो बाटो मर्मत<br>१२) मर्दिखोला खौला देखी अधिकारी डाँडा जाने गोरेटो बाटो मर्मत | |
| ३ | वडा न ३ | १) ३ नं वडा अन्तर्गतका सडकहरुको नाली निर्माण/मर्मत,सरसफाई तथा पहिरो नियन्त्रण<br>२) ३ नं वडा भित्रका गोरेटो बाटो निर्माण तथा मर्मत<br>३) पालुस्थान पर्यटकीय क्षेत्र सरसफाई तथा संरक्षण | |
| ४ | वडा न ४ | १) कच्चि सडकको नाली सफा गर्ने र गोरेटो बाटो मर्मत गर्ने | |
| ५ | वडा न ५ | १) वालिङ हुवास सडकको स्याङ्गजा पर्वत सिमाना देखी भोटेगैरा सम्म पर्ने सडकखण्डको नाली तथा मर्मत<br>२) यस वडा भित्रका गोरेटोबाटो आवश्यकता अनुसार मर्मत तथा कृषि सडकको नाली सरसफाई तथा मर्मत | |
| ६ | वडा न ६ | १) वडास्तरीय विद्युत व्यवस्थापन<br>२) खाल्टे घुम्ती,सित्ले बाहुनडाँडा गोरेटोबाटे मर्मत<br>३) भारतीडाँडा,राम्चे,मुसुरबारी गोरेटाबाटो मर्मत<br>४) चौर भुसालबारी गोरेटाबाटो मर्मत | |

गाउँ कार्यपालिकाको कार्यालय

| | | | |
|---|---|---|---|
| | | ५) पंशमल सित्ले ठाडोबाटो मर्मत | |
| ७ | वडा न ७ | १) नागपुज्ने झाकिथान बिसाउना पखेरे गोरेटो बाटो<br>२) डाँडाघर सिरानघर बाटाघर सिमलगैह्रा लाम्पाटा धारा गोरेटो बाटो<br>३) गैह्राघर विश्वकर्मा मन्दिर समिडाँडा गोरेटो बाटो<br>४) पोखरी नागपुज्ने-मसारे -बसेलडाँडा गोरेटोबाटो मर्मत तथा सरसफाई<br>५) जनता मा वि -थुम्का -वर-ईकाङ गोरेटो बाटो मर्मत तथा सरसफाई<br>६) जनता मावि खेल मैदान परीसरमा मर्मत तथा सरसफाई<br>७) वर धौरिनीडाँडा घोप्टेडाँडा गोरेटो बाटो मर्मत तथा सरसफाई<br>८) शिलाचोक देखि वडा कार्यालय जोड्ने सडक मर्मत तथा सरसफाई | (म्याचिङ)<br>(म्याचिङ)<br>(म्याचिङ) |

९.गाउँकार्यपालिकाको कार्यालयको भौतिक पूर्वाधार शाखामा कार्यरत प्राविधिक कर्मचारीलाई आर्थिक वर्ष २०७९/८० सम्मको लागि तलब स्केलको प्रतिदिनका हिसावले १५ दिन सम्मको कार्यसम्पादन प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

१०. साविक वेउलीबास गा.बि.स. वडा नं. ९ निवासी शिवलाल सुनारको छोरी वर्ष २१ की हिरा सुनारको उपचार खर्च ब्यवस्थापनको लागि रु. ५० हजार आर्थिक सहायता उपलब्ध गराउने ।

११. तपसिल बमोजिम योजनाको लागि मागमा आधारित कार्यालय स्तर खर्च शीर्षकबाट ब्यहोर्ने गरी बजेट बिनियोजन गर्ने ।

तपसिल

| क्र.स. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | क्यामुने मा.बि. जाने गोरेटो बाटो | रु. २ (दुई) लाख |
| २ | जनता मा.बि.भोर्ले स्कुलको ग्राउण्ड सरसफाइ | रु. १ एक (लाख) |
| ३. | जनसेवा संस्कृत मा.बि. बाटो/पूर्वाधार निर्माण | रु. २ लाख |
| ४. | खेल्ने पोखरी प्रा.बि.को सौचालय निर्माण | रु. २ लाख |
| ५. | घांग्रे पुल देखि मोटर बाटो सम्म गोरेटो बाटो निर्माण थप | रु. १ लाख |

बैयूं गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३